# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
प्रदेश नं. १, नेपाल

प.स. : २०७८।७९
च.नं.:

☎०२१-४३४२५९
०२१-४३४२१३

मिति :२०७८/०७/२२

## माटो जाँच सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा यस बेलबारी नगरपालिका कृषि विकास शाखाको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत माटो परिक्षण शिविर सञ्चालन गरिने भएकाले आफ्नो खेत तथा बारीबाट आवश्यक प्राबिधिक प्रकृया पुरा गरी माटोको नमूना संकलन गरी **बेलबारी नगरपालिका कृषि विकास शाखा बेलबारी-२ लालभित्तिमा** दर्ता गराउनु हुन अनुरोध गरिन्छ । माटोको नमूना जाँच पश्चात उक्त माटोको पि. एच., प्राङ्गारीक पदार्थको मात्रा, Nitrogen, Phosphorus, Potash लगायतका पदार्थको अवस्था लगायतका बिषयमा जानकारी प्राप्त गर्न सकिन्छ । माटो जाँच गराउने कृषकहरुलाई जाँचको नतिजाका आधारमा नगरपालिका बाट निःशुल्क कृषि चुना समेत उपलब्ध गराईने छ ।

***माटोको नमूना लिंदा ख्याल गर्न पर्ने प्राबिधिक पक्ष***

- आफ्नो जग्गाको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी कम्तिमा ६/७ ठाउँमा १ फिट गहिरो V आकारको खाल्डो खनेर जमिनको सतह देखी फेद समनकै बराबर पर्ने गरी माटो निकाल्ने
- उक्त ६/७ ठाउँबाटै निकालिएको सबै माटोलाई राम्रो सँग मिसाई चार भागमा बाँड्ने ।
- चार भागमा बाँडेको माटो मध्ये आधा राखेर आधा हटाउने ।
- सो कार्य माटोको नमूना करिब आधा किलो ग्राम हुन्जेल समन दोहोर्याउने ।
- सँकलित नमूनालाई छायाँ पर्ने ठाउँमा राखेर ओभाउन दिने ।
- उक्त नमूनालाई सफा झोलामा प्याक गरी कृषकको नाम, ठेगाना, सम्पर्क नम्बर, मिति, नमूना संकलन गरिएको क्षेत्रफल, यस भन्दा अगाडी लगाएको बाली तथा अब लगाउने बाली का साथै सिँचाईको स्रोत लगायतका कुरा खुलाएर मिति **२०७८/०८/०६** भित्र **कृषि शाखा बेलबारी-२ लालभित्तिमा** बुझाइ दर्ता गर्ने ।

*थप जानकारीका लागि फोन नम्बर ९८४२४६७५९६, ९८४२२४०५३१, ९८६२४००२१५ मा सम्पर्क गर्न सकिने ।*

०७८/०७/२२

**प्रदिप शाह**
प्रमुख प्रशासकीय अधिकृत

# अन्न तथा तरकारी बालीका लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार पार्ने।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने।



यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।



बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पून: ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने । यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोऱ्याउने । आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।